# समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका
# (Children-Women in social Service amnd Human Rights)

## प्रस्तावना

नेपालको विभिन्न भुभागमा बसोबास गरिरहेका र न्युनतम मानव अधिकार तथा विकासका अवसरहरुबाट बंचित नागरिकहरु विशेषत महिला तथा बालबालिकाको विकासमा टेवा पुर्‍याउन गैर राजनितिक तथा गैर धार्मिक नाफारहित संस्थाको रुपमा कार्य गर्ने उद्येश्यले यस समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिकाको स्थापना गरीएको हो ।

# परिच्छेद - १

## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस संस्थाको नाम “समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका” हुनेछ । यसलाई अंग्रेजीमा “Children-Women in Social Servcice and Human Rights” र संक्षिप्तमा “CWISH” भनिनेछ । यो एक नाफा रहित सामाजिक संस्था हुनेछ ।
(ख) यस बिधानको नाम “समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिकाको बिधान- २०५१” सम्झनुपर्छ ।
(ग) यो बिधान प्रचलित कानुन बमोजिम दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

(२) परिभाषा :
बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा :

(क) “संस्था” भन्नाले “समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका” सम्झनुपर्छ ।
(ख) बिधान भन्नाले “समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिकाको बिधान-२०५१” सम्झनुपर्छ ।
(ग) “समिति” भन्नाले बिधान अनुरुप गठित कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।
(घ) “पदाधिकारी” भन्नाले कार्यकारिणी समितिका अध्यक्ष , महासचिव , कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनुपर्छ ।
(ङ.) “सदस्य” भन्नाले संस्थाको समिति र साधारण सभाको बैठकमा मतदान गर्न पाउने सदस्यहरुलाई सम्झनुपर्छ।
(च) “साधारण सभा” भन्नाले वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई सम्झनुपर्छ ।
(छ) “स्थानीय अधिकारी” भन्नाले जिल्लाको “प्रमुख जिल्ला अधिकारी” लाई सम्झनुपर्छ ।
(ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले बिधान वा यस बिधान अन्तर्गत रही गठन गरिएको कार्य समितिको निर्णयद्धारा पारित नियमावली वा विनियममा तोकिएको कुरालाई सम्झनुपर्छ ।
(झ) “परिषद” भन्नाले “समाज कल्याण परिषद ,२०४८” लाई सम्झनुपर्छ ।

(३) संस्थाको छाप र स्थापना :
(क) यस संस्थाको छाप र सांकेतिक चिन्ह समितिले तोके बमोजिम हुनेछ ।
(ख) यो संस्था एउटा अविच्छिन्न उत्तराधिकारिवाला स्वशासित, संगठित र कानुनी व्यक्तित्व प्राप्त संस्था हो । यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त , उपभोग गर्ने, बेच बिखन गर्ने, नालिस उजुर गर्ने र समितिले निर्णय गरेको अन्य काम, कर्त्तव्य र अधिकारको प्रयोग गर्न सक्दछ ।

(४) सल्लाहकार :
(क) यस संस्थाको समितिले समाज भित्रका विभिन्न प्रतिष्ठित व्यक्तिहरुको प्रतिनिधित्व गर्ने गरी एक सल्लाहार समिति गठन गर्न सक्नेछ ।

(५) संस्थाको कार्यालय :
यस संस्थाको केन्द्रीय कार्यालय काठमाण्डौ जिल्ला खड्का भद्रकाली गा.वि.स. वडा नं. ७ मा रहनेछ । आवश्यक्ता अनुसार कार्यालयहरु स्थानीय अधिकारीको स्विकृती लिएर नेपाल अधिराज्यको जुनसकै स्थानमा खोल्न सकिनेछ ।

## परिच्छेद-२
# उद्येश्य

(६) संस्थाको उद्देश्य :

नेपालको समग्र सामाजिक आर्थिक विकासलाई टेवा पुर्‍याउने तथा समाजमा व्याप्त विकृती विसंगती विरुद्द नागरिक समाजलाई संगठित रुपमा परिचालन गर्ने अठोटलाई ध्यानमा राखी यस संस्थाले नाफा रहित रुपमा देहाएका कार्य गर्ने उद्येश्य राखेको छ:

क) मानव अधिकारको संरक्षण तथा विकासको क्षेत्रमा कार्य गर्ने ।
ख) नेपालको सामाजिक हित र विकासको लागि आवश्यक प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने ।
ग) बाल अधिकारको प्रवर्द्धन तथा बाल श्रम निवारणको क्षेत्रमा कार्य गर्ने ।
घ) महिला बालबालिका, उत्पिडीत, दलीत तथा समाजका पिछडीएका एवं न्युन आय भएका वर्ग एवं समुदायको स्वास्थ्य शिक्षा आर्थिक स्थिती र सामाजिक एवं सांस्कृतिक अवस्थामा सुधार हुने गरी कार्यक्रम संचालन गर्ने ।
ङ.) नेपाली समाजको मैलिक संस्कृती तथा सम्पदाको संरक्षण गर्न जनचेतना जगाउने ।
च) विविध विषयमा शोध एवं अनुसन्धान तथा प्रकाशनका कार्यक्रमहरु गर्ने ।
छ) संस्थाको उद्येश्य अनुरुप वृहत योजना निर्माण गर्न सम्बन्धित क्षेत्रका बुद्दिजिवीहरुको सह्योग लिने दिने ।
ज) संस्थाको उद्येश्य प्राप्तीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रीय सम्पर्क र सह्योगका कार्य गर्ने ।
झ) सामाजिक विकासलाई दुरगामी असर पार्ने निती तथा कार्यक्रमहरुको बारेमा बहस संचालन गर्ने।
ञ) संस्थाले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम संचालन गर्दा सम्बन्धित निकायको स्विकृत राष्ट्रिय नीति योजना कार्यक्रम अनुसार सो निकायहरुको जिल्ला स्थित कार्यालयसँग समन्वय राखी पुर्व अनुमती समेत लिएर यस सँस्थाले कार्यक्रम संचालन गर्नेछ ।

## परिच्छेद ३

# सदस्यता सम्बन्धि व्यबस्था

(७) सदस्यताको योग्यता :

यस संस्थाको देहायका व्यक्तिहरु सदस्य हुनेछन्:

(क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।
(ख) सामाजिक भावनाले अभिप्रेरित भएको ।
(ग) यस संस्थाको विचारधारासँग सहमत हुने ।
(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाँय नपाएको ।
(ङ.) मानसिक सन्तुलन ठीक भएको ।

(८) सदस्यताको प्रकार :

यस संस्थामा निम्न प्रकारका सदस्य रहने छन्:

(क) **संस्थापक सदस्य :** संस्थाको विधानमा संस्थापना गर्दा हस्ताक्षर गर्ने व्यक्तिहरु संस्थापक सदस्य हुनेछन् ।
(ख) **साधारण सदस्य :** यस विधानको दफा (७) अनुसार योग्यता पुगेका व्यक्तिहरु समितिले निर्णय गरे अनुरुप साधारण सदस्य हुनेछन् ।
(ग) **संस्थागत सदस्यः** संस्थाको उद्देश्यमा आस्था राखी कार्य गर्न अभिप्रेरित हुने संस्था समितिले निर्णय गरे अनुरुप सहयोगी सदस्य हुनेछन् ।

(घ) **मानार्थ सदस्यः** यस संस्थाका लागि प्रशंसनीय कार्य गर्ने वा राष्ट्रिय, अन्तर्राष्ट्रीय रुपमा ख्याति प्राप्त गर्ने व्यक्तिहरु समितिले निर्णय गरे अनुरुप मानार्थ सदस्य हुनेछन् ।

(९) सदस्यता प्रदान गर्ने विधि र सदस्यता शुल्क :

देहायको अवस्थामा सदस्यता प्रदान भएको मानिनेछ ।

(क) यस विधानको दफा (७) बमोजिम योग्यता पुगेको व्यक्तिलाई समतिले तोकेको ढाँचाको फारम भरी बुझाए पश्चातः समितिले निर्णय गरी सदस्यता प्रदान गरिनेछ । तर यस विधानको दफा (८) (क) बमोजिम संस्थापक सदस्यको हकमा लागु हुने छैन ।

(ख) माथिको उपदफा (क) अनुसार सदस्यता प्राप्त गर्न व्यक्तिले देहाय बमोजिम शुल्क बुझाउन पर्नेछ -
संस्थापक सदस्य- शुल्क बुझाउनु नपर्ने ।
साधारण सदस्य- रु.२०० (अक्षेरुपी दुई सय रुपैया मात्र) ।
संस्थागत सदस्य- रु.५०० (अक्षेरुपी पाँच सय रुपैया मात्र) ।
मानार्थ सदस्य- शुल्क बुझाउनु नपर्ने ।

(१०) सदस्यताको समाप्ति :

देहायको अवस्थामा सदस्यता समाप्त भएको भनिनेछ ।

(क) मृत्यु भएमा ।
(ख) सदस्यताबाट राजिनामा दिई स्विकृत भएमा ।
(ग) मानसिक सन्तुलन बिग्रिएको प्रमाणित भएमा ।
(घ) संस्थाको हित विपरित कुनै कार्य गरेको प्रमाणित भएमा ।
(ङ.) नैतिक पतन हुने फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा ।
(च) दिवालीया भई टाट पल्टेमा ।

## परिच्छेद - ४

# साधारण सभा

(११) साधारण सभाको गठन :

यस संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभाको गठन हुनेछ । समितिको अध्यक्ष र महा सचिव साधारण सभाको पदेन अध्यक्ष र सचिव हुनेछन् ।

(१२) साधारण सभाको बैठक :

(क) प्रत्येक एक आर्थिक वर्षको अन्त्यमा साधारण सभाको बैठक हुनेछ ।

(ख) बैठकमा सहभागि हुनु अघि सम्पुर्ण सदस्यहरुले सदस्यता नवीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ । अन्यथा बैठकमा सहभागि हुन पाईने छैन । तर संस्थापक सदस्यहरुको हकमा लागू हुनेछैन ।

(ग) बैठकको सुचना सम्पूर्ण सदस्यहरुलाई कम्तिमा १५ दिन अगावै मिति, समय, स्थान र छलफलका विषयहरु समेत खोलि दिनुपर्नेछ । यसरी बोलाईएको बैठकमा सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा मात्र गणपुरक संख्या मानिनेछ ।

(घ) माथि उपदफा (ग) बमोजिम बोलाईएको बैठक बस्न नसके पुनः ७ दिन भित्र बैठक बोलाउनुपर्नेछ । यसरी बोलाईएको बैठकमा एक तिहाई सदस्यको उपस्थितिलाई गुणपुरक संख्या मानिनेछ ।

(ङ.) साधारण सभाको निर्णय उपस्थित सम्पूर्ण सदस्यहरुको बहुमतबाट गरिनेछ ।

(च) साधारण सभाको बैठकमा सम्पूर्ण सदस्यहरुले निर्णय प्रक्रियामा मताधिकार प्रयोग गर्न पाउने छन् । तर संस्थागत सदस्य, मानार्थ सदस्य तथा सल्लाहकारहरुले निर्णय प्रक्रियामा मताधिकार प्रयोग गर्न पाउने छैनन्।

(१३) विशेष साधारण सभा :

(क) संस्थाको कुल सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित निवेदन पेश गरी विशेष साधारण सभा बोलाउन अनुरोध गरेमा अध्यक्षले लिखित अनुरोध प्राप्त गरेका मितिले १५ दिन भित्र विशेष साधारण सभा बोलाउनुपर्नेछ । यसरी बोलाईएको विशेष साधारण सभा यस विधानको दफा (१२) को उपदफा (ग) र (घ) मा जुनसुकै कुरा उल्लेख भएतापनि दुई तिहाई सदस्यहरुको उपस्थितिलाई मात्र बैध मानिनेछ ।

(ख) विशेष साधारण सभामा तोकिएको बिषय बाहेक अन्य बिषयमा अध्यक्षको पूर्व स्विकृति नलिई छलफल गर्न सकिने छैन ।

(१४) साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संस्थाको सम्पूर्ण सदस्यहरुबाट समितिको निर्वाचन गर्ने ।

(ख) विगतको वार्षिक कार्य प्रगति प्रतिवेदन र वार्षिक आय व्यय प्रतिवेदन पारित गर्ने ।

(ग) समितिले पेश गरेको वार्षिक कार्यक्रम र वार्षिक अनुमानित बजेट पारित गर्ने ।

(घ) विधानको आवश्यक संशोधन गर्ने ।

(ड.) आर्थिक वर्षका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(१५) कार्यकारिणी समितिको गठन र पदावधि:

क) संस्थाका सम्पुर्ण सदस्यहरुले आफु मध्येबाट देहायका पदधिकारी भएको कार्यकारिणी समितिको गठन गर्न सक्नेछन् ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ |
| (ख) महासचिव | १ |
| (ग) कोषाध्यक्ष | १ |
| (घ) सदस्यहरु | ४ |

ख) यसरी गठन भएको कायकारिणि समितीको पदावधी सामान्यतया निर्वाचित भएको मितिले ३ बर्षको हुनेछ ।

(१६) पदमुक्त :

कार्यकारिणी समितिका पदाधिकारीहरु देहायको अवस्थामा पदमुक्त हुनेछन् ।

(क) समितिका पदाधिकारीले राजिनामा गर्न चाहेमा अध्यक्षले महासचिव समक्ष र अधयक्ष बाहेक अन्यले अध्यक्ष समक्ष राजिनामा दिई समितिबाट स्विकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) साधारण सभाले अविश्वासको प्रस्ताव पारित गरेमा ।

(घ) मनासिव माफिकको सुचना नदिई समितिको बैठकमा लगातार तिन पटक अनुपस्थित भएमा, तर यस प्रयोजनको लागि सम्बन्धित सदस्यलाई स्पष्टिकरण दिने मौकाबाट बञ्चित गरिने छैन ।

(१७) कार्यकारिणी समितिको बैठक :

(क) समितिको बैठक कम्तिमा एक वर्षमा चार पटक बस्नेछ ।

(ख) समितिको बैठकका लागि गणपुरक संख्या साधारण बहुमत हुनेछ ।

(ग) समितिको बैठकमा बहुमतको आधारमा निर्णय गरिनेछ ।

(घ) समितिको बैठक सामान्यतः अध्यक्षको परामर्शमा महासचिवले बोलाउने छ ।

(१८) कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार :

कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः देहाय बमोजिम हुनेछ ।

(क) साधारण सभाको बैठकबाट पारित निति निर्देशन वा निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) संस्थाको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम निश्चित गर्ने, कार्य सम्पादन गर्ने र कार्यन्वयन गर्ने एवं सभा गोष्ठि गर्ने गराउने र अरुमा सहभागि हुने ।

(ग) आवश्यक प्रकाशन लगायत प्रचार प्रसार कार्यक्रम गर्ने गराउने ।

(घ) संस्थाको लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग कार्य सम्पादनका लागि सम्झौताहरु गर्ने र सहयोगको आदान प्रदान गर्ने ।

(ङ.) समितिको कुनै पद रिक्त हुन आएमा साधारण सभा नभए सम्मका लागि संस्थाका सदस्यहरु मध्येबाट मनोनयन गर्न सक्नेछ ।

(च) सदस्यता प्रदान गर्ने तथा खारेज गर्ने ।

(छ) संस्थाको चल अचल सम्पत्तिको संरक्षण गर्ने ।

(ज) निर्वाचन समितिको निर्माण गर्ने ।

(झ) सल्लाहकार मनोनयन गर्ने ।

(ञ) आवश्यक्ता अनुरुप उप समितिहरु गठन गर्ने तथा खारेज गर्ने ।

(ट) आवश्यक नियमावली एवं विनियमहरु निर्माण गरी लागू गर्ने ।

(ठ) संस्थाको कार्य सम्पादनका लागि कर्मचारी नियुक्त गर्ने, सेवा शर्त निर्धारण गर्ने र आवश्यक्ता अनुरुप सेवाबाट हटाउने ।

(ड) आवश्यक अन्य काम गर्ने ।

परिच्छेद - ५

# काम कर्तब्य र अधिकार

(१९) कार्यकारिणीका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

(अ) अध्यक्ष :

(क) समिति र साधारण सभाको बैठकमा अध्यक्षता गर्ने ।

(ख) महासचिवलाई बैठक बोलाउन निर्देशन गर्ने ।

(ग) कुनै प्रस्तावमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) संस्थाका पारित निर्णायहरु कार्यान्वयन गर्न निर्देशन गर्ने ।

(ङ.) संस्थाको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।

(आ) महासचिव :

(क) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने र संचालन गर्ने ।

(ख) संस्थाका पारित निर्णायहरु अभिलेख राख्ने र सो कार्यान्वियन गर्ने ।

(ग) बैठकमा सदस्यहरुलाई सूचना प्रवाह गर्ने , कार्य योजना र गतिविधिको बारेमा बैठकमा जानकारी गराउने ।

(घ) केन्द्रका बिभिन्न उप समिति र शाखा कार्यालयमा समन्वय गर्ने ।

(ङ.) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सबै काम, कर्तव्य र अधिकार पालन गर्ने वा प्रयोग गर्ने ।

(च) साधारण सभामा वार्षिक प्रतिवेदन र आगामि वर्षको कार्यक्रम पेश गर्ने ।

(इ) कोषाध्यक्ष :

(क) वार्षिक साधारण सभा र समितिको प्रत्येक बैठकमा आम्दानी खर्चको प्रतिवेदन पेश गर्ने ।

(ख) संस्थाको आम्दानी खर्चको हिसाब अध्यावधिक राख्ने , राख्न लगाउने र कोष संकलन गर्ने ।

(ग) वार्षिक बजेट तयार गर्ने , साधारण सभामा पेश गर्ने ।

(घ) महासचिवको अनुपस्थितिमा महासचिवको सबै काम, कर्तव्य र अधिकार पालन गर्ने वा प्रयोग गर्ने ।

(ई) सदस्यहरु :

(क) बैठकमा उपस्थित भई छलफलमा सहभागि हुने ।

(ख) बैठकले दिएको जिम्मेवारी पुरा गर्ने ।

परिच्छेद - ६

## आर्थिक व्यबस्था

(२०) आर्थिक श्रोत :

संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ ।

(क) संस्थाले प्राप्त गरेको नगद, जिन्सी, अनुदान, दान, दातव्य, उपहार तथा सहयोग ।

(ख) संस्थाले संचालन गरेका अन्य विविध श्रोतबाट प्राप्त रकम

(ग) संस्थाको चल, अचल सम्पत्तिबाट प्राप्त हुने रकम ।

(घ) श्री ५ को सरकारका निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट प्राप्त हुने सहयोग ।

(ङ.) वैदेशिक सहायता लिनु पर्दा श्री ५ को सरकारको पूर्व स्विकृति लिईने छ ।

(२१) चल अचल सम्पतिको विवरण :

प्रचलित कानुन तथा नियम बमोजिम आर्थिक विवरण तोकिएको ढाँचामा स्पष्ट र दुरुस्त राखी चल अचल सम्पत्तिको विवरण पारदर्शी एवं व्यवस्थित ढंगले राखिने छ ।

(२२) कोष तथा कोषको परिचालनः

(क) यस विधानको दफा (२०) अनुसार जम्मा हुन आएको रकम संस्थाको नामबाट कोष खडा गरी स्थानीय बैंकमा खाता खेल्न सकिनेछ ।

(ख) संस्था्को कोष संचालन कोषाध्यक्षको अनिवार्य र समितिले तोकेको २ सदस्यहरु मध्ये कुनै एक सदस्यको संयूक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

(ग) संस्था्को शाखा स्तरीय कोषको संचालनको हकमा यस विधान अन्तर्गत नियमावलीमा लेखिए अनुसार हुनेछ ।

(२३) लेखा परिक्षण :

(क) श्री ५ को सरकारबाट मान्यता प्राप्त लेखा परिक्षकद्वारा हरेक वर्ष संस्थाको आम्दानी, खर्च, चल अचल मौज्दात समपत्ति समेतको लेखा परिक्षण गरिनेछ ।

(ख) संस्थाको लेखा परिक्षकको प्रतिवेदन र कार्य प्रगति प्रतिवेदन प्रत्येक वर्ष प्रमुख जिल्ला अधिकारी र समाज कल्याण परिषद समक्ष पेश गरिनेछ ।

## परिच्छेद - ७

# विविध

(२४) निर्वाचन सम्बन्धि व्यवस्था :

(क) समितिको निर्वाचन प्रत्येक ३ वर्षमा साधारण सभाबाट हुनेछ ।

(ख) चुनाव सम्बन्धि व्यवस्था गर्न एक जना निर्वाचन अधिकृत सहित ३ सदस्य निर्वाचन समितिको गठन गरी समितिको निर्देशन अनुरुपको निति तय गरी समितिको निर्वाचन गरीनेछ ।

(ग) संस्था् दर्ता भएको मितिले ६ महिना भित्र निर्वाचन गरी सो को जानकारी प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरिनेछ ।

(२५) निर्वाचनको प्रक्रिया तथा व्यवस्था :

(क) साधारण सभाको सदस्य भएको व्यक्ति उम्मेद्वार हुन पाउने ।

(ख) सदस्यता नविकरण नभएको व्यक्तिहरुले उम्मद्वार हुन र मतदानमा सहभागी हुन पाउनेछैन ।

(ग) सदस्यता सम्बन्धि विवाद श्रृजना भएमा निवर्तमान समितिले अन्तिम निर्णय गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धि अन्य प्रक्रिया निवर्तमान समितिको परामर्शद्वारा निर्वाचन समितिले तय गर्ने छ ।

(२६) अबिश्वासको प्रस्ताव :

अबिश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समिति वा समितिका पदाधिकारी विरुद्ध सदस्यहरु मध्ये ५१ % ले हस्ताक्षर गरी लिखित निवेदन अध्यक्ष समक्ष कारण खुलाई साधारण सभाको माग गरी अविश्वासको प्रस्ताव राख्न सक्नेछन् ।

(ख) माथिको उपदफा (क) बमोजिम माग गरेमा दफा (१३) को उपदफा -क) बमोजिमको प्रकृया अवलम्बन गरी बैठक बस्ने छ । तर दुई तिहाई उपस्थिति सदस्य संख्याको दुई तिहाई बहुमतले समिति भंग गर्न वा कुनै पदाधिकारीलाई हटाउन सकिने छ ।

(ग) माथिको उपदफा (ख) अनुसार कार्वाही गर्नु अघि समिति वा पदाधिकारीलाई लिखित सूचना १५ दिन अघि दिनु पर्नेछ र निजले उचित सफाईको मौका कार्वाही गर्नु अघि पेश गर्न पाउनेछ ।

(घ) अध्यक्षको विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भई छलफल भएको अवस्थामा महासचिवले साधारण सभाको अध्यक्षता गर्ने छ ।

(ङ.) समिति वा पदाधिकारीको विरुद्ध अविश्वासको प्रस्ताव एक वर्षमा एक पटक भन्दा बढि ल्याउन पाईने छैन ।

(२७) विधान संशोधन :

संस्थाको विधान संशोधन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछन ।

(क) विधान संशोधन गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

(ख) समितिको सिफारिसमा विधान संशोधनको प्रस्ताव साधारण सभाको उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले विधान संशोधन गर्न सक्नेछन् । यसरी पारित विधान प्रमुख जिल्ला अधिकारीले स्विकृत गरे पछि मात्र लागू हुनेछ ।

(२८) नियम बनाउने अधिकार :

समितिले संस्था दर्ता ऐन २०३४ र ऐन अन्तर्गतको नियम र यस विधानको अधिनमा रही संस्थाको उद्देश्यलाई परिपूर्ति गर्न आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक नियमावली, विनियम, तथा कार्य निर्देशनहरु बनाउन सक्नेछ ।

(२९) संस्थाको बिघठन :

**संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्थाको बिघठन भएमा संस्थाको बांकी बक्यौता तथा ऋण चुक्ता गरी बांकी रहेको सम्पूर्ण जायजेथा श्री ५ को सरकारको अधिनमा सर्नेछ ।**

(३०) बचाउ :

**यस विधानमा लेखिएका कुरामा यसै विधान बमोजिम र सो बाहेक हकमा प्रचलित कानुन बमोजिम हनेछ । प्रचलित कानुनसंग बाझिने वा यस विधानका दफाहरु बाझिएको हदसमम स्वतः खारेज भएको मानिनेछ ।**

(३१) यो विधान अन्तर्गत रही गरीने कार्यहरु प्रचलित नेपाल कानुनको अधिनमा रही श्री ५ को सरकारको नीति निर्देशनको परिधीभित्र रही गरीनेछ ।

(३२) यस संस्थाले आफ्नो कार्य संचालन गर्दा कुनैपनि प्रकारको राजनैतिक गतिवीधिबाट विल्कुलै अलग रही गर्नेछ ।

(३३) निर्देशनको पालना

स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तद्व्य हुनेछ ।

(३४) व्याख्या :

**यस विधानका कुनै दफा , वाक्य वा शब्दहरुमा अस्पष्टता रहेमा यसको अन्तिम व्याख्या समितिले गरे बमोजिम हुनेछ ।**

(३५) **निस्कृयता**

**यस विधानका अन्य दफा उपदफाहरुमा जुनसुकै कुराहरु लेखीएको भए पनि त्यस्ता कुराहरु प्रचलित नेपाल कानुनको मनसाय विपरित हुन गएमा वा प्रचलित कानुनसँग बाभ्मीन गएमा त्यस्ता दफा उपदफाहरु स्वत निस्कृय हुनेछन् ।**